# मुसिकोट नगरपालिका

# स्थानीय राजपत्र

**खण्डः ३ संख्या : २ मंसीर ३०, २०७६**

## भाग-२

### मुसिकोट नगरपालिका
### नगर कार्यपालिकाको कार्यालयको
### सूचना

**दुध उत्पादक कृषकहरुलाई प्रोत्साहान स्वरूप प्रति लिटर दुध मा अनुदान कार्यक्रम निर्देशिका२०७६**

**संवत् २०७६ सालको निर्दशिका नं २**

**प्रस्तावनाः** मुसिकोट नगरपालिकाको आ.व २०७६/७७ को स्वीकृत बार्षिक कार्न्यक्रम अनुसार कृषकलाई पशुपालनतर्फ आकर्षित गरायर दुध उत्पादनमा बृदि गराउने र कृषकलाई पशुपालनमा प्रोत्सहन गर्न बान्छनीय भयकोले मुसिकोट नगरपालिकाले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा २ को अधिनमा रही **दुध उत्पादक**

**कृषकहरुलाई प्रोत्साहान स्वरूप प्रति लिटर दुध मा अनुदान कार्यक्रम निर्देशिका** २०७६ तयार गरी जारी गरेकोछ।

## परिच्छेद -१
## प्रारम्भिक

**१)संक्षिप्त नाम र प्रारम्भः**१) यस कार्यविधिको नाम **"दुध उत्पादक कृषकहरुलाई प्रोत्साहान स्वरूप प्रति लिटर दुध मा अनुदान कार्यक्रम निर्देशिका २०७६"**रहेको छ।

२) यो कार्यविधि मुसिकोट नगर कार्यपालिकावाट स्विकृत भएको मितिवाट प्रारम्भ हुनेछ।

**२)परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) "निर्देशिका " भन्नाले नगरपालिकाको "दुध उत्पादक कृषकहरुलाई प्रोत्साहान स्वरूप प्रति लिटर दुध मा अनुदान कार्यक्रम निर्देशिका २०७६"लाई सम्झनु पर्दछ ।

ख) "नगरपालिका" भन्नाले मुसिकोट नगरपालिका लाई सम्झनु पर्दछ ।

ग) "वडा" भन्नाले नगरपालिकाको वडालाई सम्झनु पर्छ ।

घ) "कृषी विकास समिति"भन्नाले मुसिकोट नगरपालिकामा कृषिविकास कार्यक्रम संचालन तथा ब्यबस्थापन कार्यविधि २०७६ वमोजिम गठित समितिलाई सम्झनुपर्दछ ।

च) "कार्यक्रम"भन्नाले मुसिकोट नगरपालिका को आ.वा २०७६/७७ को स्वीकृत बार्षिक कार्र्यक्रम प्रतिलिटर दुध मा अनुदान कार्यक्रम लाई सम्झिनु पर्ने छ

छ) "पशु सेवा शाखा" भन्नाले मुसिकोट नगरपालिकाको पशु सेवा शाखा सम्झनुपर्छ।

## परिच्छेद -२

## कार्यक्रम संचालन प्रकृया

**४)कार्यक्रम संचालन तथा व्यवस्थापन प्रकृयाः** मुसिकोट नगरपालिकाको वार्षिक स्विकृत कार्यक्रममा उल्लेख भए वमोजिम हुनेछ। कृषकहरुलाई कार्यक्रमको जानकारीका लागी १५ दिनको सुचना पशु सेवा शाखाले प्रकाशन गर्नेछ, सो सुचना मुसिकोट नगरपालिकाको सुचनापाटी तथा सवै वडाहरुमा समेत पठाइनेछ |

**५) कार्यक्रम संचालन गरिने संख्या निर्धारणः** मुसिकोट नगरपालिकाको वार्षिक कार्यक्रममा विनियोजित वजेटको आधार अनुसार हुनेछ।

**६)कार्यक्रम संचालनका लागी कृषक छनौटका आधार र संचालन प्रकृया देहाय वमोजिम हुनेछः**

क)कार्यक्रम संचालनका लागी कृषकहरुको नगर स्तरिय कृषि विकास समितिले छनौट गरी अनुमोदनका लागी कार्यपालिका समक्ष पेश गर्नेछ । समितिले आबस्यकता अनुसार बिषय बिज्ञलाई बोलाउन सक्नेछ |

ख) दुध उत्पादक कृषकहरुले आधिकारीक निकायमा दर्ता भयका डेरीमा मात्र दुध बेचेको हुनुपर्नेछ

ग) दुध उत्पादक कृषकले न्युनतम बार्षिक ५०० लिटर दुध बेचेको हुनुपर्नेछ

घ )दुध को मापन (Standard) नेपाल सरकारले तोके बमोजिम हुनुपर्नेछ

ङ) दुध उत्पादक कृषकले निबेदनका साथमा सम्बन्धित डेरी बाट दुध बेचेको रेकर्ड बुझाउनु पर्नेछ|

च) नगरस्तरिय कृषि विकास समितिले स्थलगतअध्यन, अवलकन,गरि प्राप्त प्रस्ताब उपर आर्थिक र प्राबिधिक रुपले बिस्लेषण र मुल्यांकन गर्ने छ |

छ ) कार्यक्रमको अनुगमनपशु सेवा शाखाले अनुगमन गर्ने छ |

ज) दुध उत्पादक कृषक ले प्रतिलिटर ३ रुपैया अनुदान पाउने छ

झ ) दुध मापन (Standard) को खाका सबन्धित डेरी लाई पशु सेवा शाखा ले उपलब्ध गराउने छ

**७ ) सम्झौता र भुक्तानी:** प्रतिलिटर दुधमा अनुदान कार्यक्रम संचालन गर्दा देहाय बमोजिम सम्झौता र भुक्तानी हुने छ

१। **सम्झौता**

मुसिकोट नगरपालिकाले छनौट भएको अनुदान ग्राहीसंग अनुचुची १ मा भयको सम्झौता अनुरुप हुने छ |

२. **भुक्तानी**

अनुदान रकम अनुदान ग्राही को बैंक खाता मार्फत भुक्तानी गर्नुपर्नेछ | भुक्तानी दिने बेलामा कृषकले दुध बिक्रि गरेको रेकर्ड र दुध को नेपाल सरकारले तोकेबमोजिम को मापन (Standard) सम्बन्धित डेरी बाट ल्याएको हुनुपर्नेछ | साथै पशुको विमा गरेको हुनुपर्नेछ |

**८ ) कृषकले पेश गर्नुपर्ने कागजातहरु;**

१. नागरिता को प्रतिलिपि |

२. फर्म दर्ता भएमा प्रमाणपत्र को प्रतिलिपि |

३. सम्बन्धित वडा को सिफारिस |

४. कृषकले दुध बिक्रि गरेको रेकर्ड |

आज्ञाले,
नरवीर खड्का
प्रमुख प्रशासकीय अधिकृत